

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ४ गते बिहीबार ❑ 20 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## बूढीगण्डकी छिट्टै निर्माणमा लैजान्छौं : प्रधानमन्त्री प्रचण्ड

**रासस**
गोरखा, ३ साउन

लामो अन्योलता र प्रतिक्षालाई चिछोल्दै सरकारले राष्ट्रिय गौरवको परियोजनाका रूपमा रहेको बूढीगण्डकी जलाशयुक्त आयोजना निर्माण गर्ने घोषणा गरेको छ ।

कुल एक हजार दुई सय मेगावाट क्षमताको सो आयोजनाको फिल्ड कार्यालय प्रधानमन्त्री प्रचण्डले बुधबार यहाँ उद्घाटन गर्नुभयो । राजनीतिक चपेटामा परेको आयोजना स्वदेशी लगानीमै निर्माण हुने सुनिश्चिततासमेत बढेर गएको छ । प्रधानमन्त्री प्रचण्डले आम मानिसको मनमा रहेको जिज्ञासालाई निरुपण गर्दै भन्नुभयो, "केही समयभित्रै आयोजनाको शिलान्यास हुन्छ, अब कुनै पनि बाहानामा ढिलाइ हुँदैन र गरिँदैन ।"

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेत, धादिङ र गोरखाका प्रतिनिधिसभा सदस्य, मुख्यसचिव, सचिव र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकसहितको टोली लिएर यहाँ आइपुग्नुभएका प्रधानमन्त्रीले आयोजनाका बारेमा अब कुनै पनि द्विविधा बाँकी नरहेको बताउनुभयो । "लागातारको छलफलपछि हामी एउटा निष्कर्षमा पुगेका छौँ । आवश्यक पर्ने सबै गृहकार्य गरेर यो परियोजना अघि बढाउने सङ्कल्प गरिएको छ । ऊर्जा मन्त्रालयको मात्रै नभई अर्थ मन्त्रालयदेखि अन्य सरोकारवाला मन्त्रालयसँगको छलफलपछि अब निष्कर्षमा पुगिएको छ", उहाँले भन्नुभयो ।

जलाशयुक्त आयोजना भएकाले बूढीगण्डकी आफैँमा महँगो भए पनि बहुउद्देश्यीय हुनुका कारण नाफामूलक बन्ने पनि उहाँको भनाइ छ । आयोजना निर्माणका लागि सबै अध्ययन प्रतिवेदन तयार भइसकेको छ । परियोजना निर्माणका लागि चाहिने लगानी व्यवस्थापनका लागि सरकारले आवश्यक गृहकार्य



गरी तयारी गरिरहेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।

"यो आयोजना 'रेडी टु गो' आयोजना हो । आयोजनालाई जतिसक्दो छिटो अगाडि बढाउन हामीले तयारी गरिरहेका छौँ । अब कुनै पनि तर्क वा बहानामा काम ढिलाइ गर्न हामीलाई छुट छैन", उहाँले भन्नुभयो, "आयोजना निर्माणको काम अगाडि बढाउन ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडलगायत आयोजनासँग सम्वद्ध सबैलाई यसै कार्यक्रममार्फत निर्देशितसमेत गर्दछु ।" मुलुकमा ऊर्जा क्षेत्रको विकासका लागि यस आयोजना कोशेढुङ्गा सावित हुने प्रधानमन्त्री दाहालको भनाइ छ । एक हजार दुई सय मेगावाट उत्पादन क्षमता रहेको उक्त जलविद्युत् आयोजना गोरखा र धादिङ जिल्लाको मात्र नभएर सिङ्गो देशको विकास र समृद्धिमा गुणात्मक योगदान गर्ने राष्ट्रिय गौरवको बहुआयामिक आयोजना रहेको उहाँले उल्लेख गर्नुभयो । जलविद्युत्का साथै पर्यटन प्रवर्द्धन, माछापालन, तल्लो तटीय क्षेत्रको समग्र विकासका दृष्टिले समेत यो आयोजना महत्त्वपूर्ण रहेको प्रधानमन्त्रीको भनाइ छ । यस आयोजनाले हिउँदमा हुने विद्युत् सङ्कटबाट देशलाई मुक्त गर्ने, ऊर्जा तथा पर्यटन विकासलाई सुदृढ गर्ने, रोजगारी सिर्जना गर्ने, वस्तु तथा सेवा क्षेत्र उत्पादनमा वृद्धि गरी देशको आर्थिक गतिविधि बढाउने, माछापालनलगायतका बहुआयामिक व्यवसाय जोडेर राष्ट्रिय आय वृद्धि गर्ने तथा देशको मध्यभागको आयोजना भएकाले राष्ट्रिय प्रसारण लाइनका लागि कम लगानी लाग्नेलगायतका सम्भावना बोकेको प्रधानमन्त्री दाहालको भनाइ छ । बूढीगण्डकी जलविद्युत् कम्पनीका अनुसार सो आयोजना प्रभावितलाई हालसम्म रु ४३ अर्ब बराबरको मुआब्जा वितरण गरिएको छ । त्यसमा घर जग्गातर्फ रु ३४ अर्ब ३० करोड र बोट-बिरुवालगायतका हकमा रु छ अर्ब ७० करोड बराबर छ । सो कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले आयोजनालाई जलविद्युत्मा मात्रै सीमित नगर्ने सोचसहित बृहत्तर विकासको अवधारणामा अगाडि बढाउन प्राधिकरण बनाउनुपर्ने बताउनुभयो । उहाँले आफ्नो प्रधानमन्त्रीत्वकालमा नै आयोजनाका लागि विकास समिति र प्राधिकरणको अवधारणा ल्याएको बताउनुभयो ।

आयोजनालाई बहुपक्षीय लाभ प्राप्त हुने, बेरोजगारीको समस्या समाधान गर्ने र समग्र मुलुकका साथै आयोजना प्रभावितको समेत हित हुने गरी अगाडि बढाउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । प्रतिनिधिसभा सदस्य राजेन्द्रप्रसाद पाण्डेले आयोजनालाई बहुउद्देश्यीय प्रकृतिबाट अगाडि बढाउन आग्रह गर्नुभयो । उहाँले आयोजना प्रभावितको मनमा रहेको आशङ्का सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । यस्तै प्रतिनिधिसभा सदस्य रामनाथ अधिकारीले आयोजना प्रभावितका बाँकी रहेका माग सम्बोधन गरी शीघ्र निर्माण कार्य अगाडि बढाउन आग्रह गर्नुभयो । आयोजना अगाडि बढाउने तत्परता देखाउनुभएकामा उहाँले प्रधानमन्त्री प्रचण्डलाई धन्यवाद दिनुभयो । प्रतिनिधिसभा सदस्य बुद्धिमान तामाङले राज्यको ठूलो लगानी भइसकेको तथा राष्ट्रिय गौरवसमेत जोडिएकाले तत्काल निर्माण सुरु गरिहाल्नुपर्ने बताउनुभयो । सांसद राजेन्द्र बजगाईंले आयोजनाबाट डुबानमा पर्ने स्थानीय मठमन्दिर, पार्टीपौवा तथा स्थानीय संस्कृतिको संरक्षण गर्नेतर्फ पनि आयोजनाले ध्यान दिनुपर्ने बताउनुभयो ।

धादिङ र गोरखाको सीमा भएर बग्ने बूढीगण्डकी नदीलाई मलेखुस्थित पृथ्वीराजमार्गबाट दुई किलोमिटर पश्चिममा कुल दुई सय ६३ मिटर अग्लो बाँध निर्माण गरी विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । त्यसबाट फेवातालभन्दा १६ गुणा ठूलो ताल बन्नेछ । त्यसबाट माछापालन, पर्यापर्यटनको विकास तथा स्थानीयवासीलाई विभिन्न रोजगारीसमेत उपलब्ध हुन जाने बूढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत् श्रेष्ठको भनाइ छ । कम्पनीका अध्यक्ष एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले राष्ट्रिय गौरवको एवं बहुउद्देश्यीय प्रकृतिको आयोजना भएकाले यसलाई सरकारले छिट्टै अगाडि बढाउने विश्वास दिलाउनुभयो । बढी बिजुली माग हुने काठमाडौँ, पोखरा, नारायणगढलगायतका लोड सेन्टर नजिकको सो आयोजना आफैँमा महत्त्वपूर्ण रहेको छ ।

सरकारले विसं २०७९ असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो । लामो समयसम्म स्वदेशी लगानी कि विदेशी भन्नेमा आवश्यक निर्णय हुन नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको थिएन । नेपालको ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण मानिएको सो आयोजना निर्माणका लागि सरकारले रु ६० अर्ब अधिकृत पुँजी रहने कम्पनी स्थापना गरेको थियो । कम्पनी दर्ता भए पनि पछिल्लो एक वर्ष थप तयारीका लागि व्यतित भएको बताइएको छ ।

## 'प्राकृतिक श्रोत समृद्धिको आधार'

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापाले प्राकृतिक स्रोतलाई समृद्धिको आधार बनाउनुपर्ने बताउनुभएको छ ।

अमेरिकी सहयोग नियोग (युएसएआइडी) को आर्थिक सहयोगमा सञ्चालित 'जल जङ्गल' कार्यक्रमका बहुसरोकार योजना तर्जुमा कार्यशालाको बुधबार पोखरामा उद्घाटन गर्दै उहाँले आयआर्जन र रोजगारीका लागि वन पैदावारको भरपुर उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । "वन क्षेत्रको काठ कुहिएर खेर जाने र विदेशबाट खरबौं रुपैयाँको काठ आयात हुने अवस्थाको अन्त्य गरिनु अपरिहार्य छ", मन्त्री थापाले भन्नुभयो, "वनको संरक्षण र उपयोग गर्ने खालको 'प्रदेश वन ऐन' छिट्टै ल्याउने तयारी भइरहेको छ ।" जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्दै अनुकूलनतर्फ लाग्ने खालका योजना अघि बढाउँदै समाजका विपन्न एवम् सीमाकृत वर्गको उत्थानका लागि सामाजिक सङ्घसंस्थाको ध्यान जानुपर्नेमा उहाँको जोड थियो । जथाभावी निर्माण गरिने भौतिक पूर्वाधारको कारण पानीलाई असर पार्ने, तालतलैया एवम् सिमसार क्षेत्रसँगै वातावरणमा समेत प्रभाव परेको उल्लेख गर्दै मन्त्री थापाले भन्नुभयो, "वातावरणको संरक्षण र लच्छित वर्गको जीविकोपार्जनमा सहयोग पुगेमात्र परियोजना सफल हुनेछ ।"

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले ताल, हिमाल, जङ्गल र जमिन प्राणवायु भएको बताउँदै यसको संरक्षणका लागि सबैको साथ र सहयोग आवश्यक पर्ने जनाउनुभयो । पोखरा बनाउने सबैको दायित्व भएको उल्लेख गर्दै उहाँले अव्यवस्थितरूपमा हुने विकास निर्माणले जोखिम बढाउनाका साथै वातावणमा समेत प्रभाव पर्ने हुँदा त्यसका लागि समयमै सचेत हुनुपर्नेमा जोड दिनुभयो । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले जनताको जनजीविकालाई सहज बनाउँदै वातावरण संरक्षणका लागि वनजङ्गल, ताल, तलैयाको संरक्षण गर्दै अपराध गतिविधिको न्यूनीकरणमा परियोजनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । युएसएआइडी जल जङ्गल कार्यक्रमका प्रमुख क्यारी फार्लेले सन्ततिको भविष्य निर्माणका लागि वातावरणको संरक्षण अपरिहार्य रहेको उल्लेख गर्दै परियोजनाअन्तर्गत चितवन अन्नपूर्ण, तराई आर्क, कर्णाली संरक्षण तथा कैलाश पवित्र भू–परिधिमा काम गर्ने जानकारी दिनुभयो । बीस लाख हेक्टर जैविक दृष्टिले महत्वपूर्ण क्षेत्र सुधार गर्दै त्यस क्षेत्रका बासिन्दाको आयआर्जन, सुधारिएको जलस्रोतबाट लाभ, तालिम, जलवायुसम्बन्धी जानकारी र तीन सय निजी क्षेत्रका उद्यमहरूले दिगो अभ्यास वा सुरक्षा उपायहरू एकीकृत गर्ने परियोजनाको मुख्य लक्ष्य रहेको उहाँले विश्वास व्यक्त गर्नुभयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मनमाया पँगेनी भट्टराईले जलवायु परिवर्तनको कारण तराईमा अत्यधिक गर्मी, पहाडमा पहिरो जाने, हिमालमा हिउँ नहुने अवस्था सिर्जना भएको बताउनुभयो । कार्यक्रममा मन्त्रालयका उपसचिव धनेन्द्रबहादुर खनाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कोषका उपनिर्देशक अजय कार्की, परियोजना उपप्रमुख दिवेश ज्योति, डा बाबुराम लामिछाने लगायतले जलवायु परिवर्तनले पारेका असर र न्यूनीकरणका उपाएका बारेमा चर्चा गर्नुभएको थियो ।

## गण्डकीका यातायात कार्यालयबाट तीन अर्ब राजस्व संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

गण्डकी प्रदेशमा रहेका यातायात कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा रु तीन अर्बभन्दा बढी राजस्व संकलन गरेका छन् ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयद्वारा बुधबार पोखरामा आयोजित वार्षिक समीक्षा कार्यक्रममा मन्त्रालय मातहतका यातायात कार्यालयका प्रमुखहरूले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष ३० प्रतिशत बढी राजस्व सङ्कलन गरेको तथ्याङ्क प्रस्तुत गर्नुभएको हो ।

बागलुङ, डुम्रे र नवलपुरमा एक-एक र कास्कीमा दुईवटा यातायात कार्यालय, गोरखा, लमजुङ र स्याङ्जामा यातायात सेवा कार्यालयले गत आवमा कुल रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेका हुन् । सवारी चालक अनुमतिपत्र जारी, नवीकरण, सवारीसाधन दर्ता, नवीकरण र जरिवानालगायतका शीर्षकमा राजस्व सङ्कलन भएको हो । ती कार्यालयले आव २०७८/७९ मा रु दुई अर्ब २४

बाँकी अन्तिम पृष्ठमा ▶▶

### सुशासन कायम गरौं

◆ सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
◆ विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
◆ विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
◆ सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
◆ सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विमानस्थलबाट ८० किलोभन्दा बढी सुन बरामद

**रासस**
काठमाडौं, ३ साउन


राजस्व अनुसन्धान विभागले बुधबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गरेको अपरेशनमा ८० किलोभन्दा माथिको सुन बरामद गरेको छ ।

विभागका महानिर्देशक नवराज ढुङ्गानाले ८० देखि १०० किलोको बीचमा रहेको सुन बरामद गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त सुन ओसारपसारमा संलग्न रहेका तीन जनालाई पक्राउ गरिएको छ ।

विमानस्थल पास भएर आएको उक्त सुन विमानस्थल भन्सार गेट अगाडिबाट ट्याक्सीमा हालेर लैजान लागेका बेला बरामद भएको उहाँले बताउनुभयो । उहाँले सुन हङ्कङबाट आएको खुलेको जानकारी दिनुभयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्रोतका अनुसार, बरामद सुन मंगलबारको क्याथे फ्यासिफिकको उडानमार्फत काठमाडौं आएको थियो । मोटरसाइकल र स्कुटरको ब्रेकशुभित्र लुकाएर ल्याएको सुन बुधबार भन्सार जाँच पास गरेर अपराह्न २ बजे कटेको सूचना राजश्व अनुसन्धान विभागसम्म पुगेको थियो । त्यसपछि विभागले गरेको कारबाहीमा ठूलो परिमाणमा सुन बरामद भएको हो ।

'अझैसम्म बरामद सबै सुनको तौल लिइसकेको छैन, अनुसन्धान गरिरहेका छौं', ढुंगानाले भन्छन् । हङकङबाट आएको सुन भारततर्फ तस्करी गरेर लैजान लागिएको आशंका गरिएको छ ।



# सबैको ध्यान उत्कृष्ट सुशासनयुक्त कास्की निर्माणमा केन्द्रीत गरौं – प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन



पोखरा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,,परियोजना कार्यान्वयन एकाइ कास्कीको आयोजनामा तरकारी / अलैंची बालीको आर्थिक बर्ष २०७९-८० मा नबप्रबर्तित प्रबिधि प्रयोग भएका कार्यक्रम र योजनाहरूको अनुगमन सम्पन्न भएको छ।

परियोजना मार्फत आर्थिक अनुदानमा निर्माण सम्पन्न पोखरा महानगरपालिका अन्तर्गत शान्ति बन बाटिकास्थित कृषि बजारमा कृषि उपजको बजारिकरण सहयोग कार्यक्रम, बुढीबजारमा रहेको सर्बगुण फूड्स एन्ड किचेन प्रा लि मा निर्माण सम्पन्न कोल्ड रूम, पोखरा १६ को माथिल्लो दिपमा रहेको हरिलो एग्रो इन्डष्ट्री प्रा.लि. को प्याकेजिङ, लेबलिङ तथा पोस्ट हार्भेष्ट क्षती न्यूनीकरण कार्यक्रम अन्तर्गत सोलार ड्रायर निर्माणको अनुगमन गरिएको थियो।

त्यसैगरी पोखरा २५ हेम्जास्थित बेलचौतारा कृषक समुहको सौर्य उर्जामा आधारित सिचाइ प्रणाली जडान ,माछापुच्छे गाउपालिकाको भेडाबारी स्थित मर्दी एग्रो फर्म एण्ड रिसर्च सेन्टरको प्रसोधन केन्द्र र बराह मा.बि. ब्यबसायिक उत्पादन कार्यक्रम तथा सोही गाउँपालिकाको माछापुच्छे एग्रो सेन्टर प्रा. लि. को सुधारिएको अलैंची भट्टी निर्माण परियोजनापय अनुगमन गरिएको थियो । अनुगमनका क्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीलाइ बिकास र समृद्धिका दृष्टिकोणबाट अब्बल बनाउदै उत्कृष्ट सुसासनयुक्त जिल्लाको रूपमा स्थापित गर्न सबै लागि पर्नूपर्ने बताउनु भयो । सो अबसरमा प्रमुख पौडेलले सेवाग्राही र उपभोक्ताका गुनासा तत्काल सम्बोधन गर्नुको बिकल्प नभएको भन्दै गुनासा नआउने कामको योजना बनाउनेतर्फ लाग्ने सरकारी निकायहरूलाई आग्रह गर्नुभयो।

अनुगमनमा कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरे ,जिल्ला समन्वय अधिकारी नवराज बराल, घरेलु तथा पर्यटन उद्द्योग कार्यालयकास्कीका कार्यालय प्रमुख शेषकान्त पौडेल ,पोखरा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,,परियोजना कार्यान्वयन एकाइ कास्कीका कार्यालय प्रमुख रोशन अधिकारी स्थानि,पोखरा महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरिया लगाएतका स्थानीय उपभोक्ता र संचार्कर्मीहरू सहभागी हुनुहुन्थ्यो।



आविष्कार केन्द्र : पोखरास्थित गण्डकी विश्वविद्यालयले सञ्चालनमा ल्याएको अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्र। केन्द्रले विभिन्न कृषिजन्य उपकरण तथा औजार उत्पादन गरिरहेको छ। तस्बिर : रासस

# गण्डकीका...

करोड राजस्व सङ्कलन गरेका थिए । अघिल्लो वर्षको तुलनामा रु ९३ करोड बढी राजस्व सङ्कलन गरिएको छ। प्रदेशमा सबैभन्दा बढी रु दुई अर्ब पाँच करोड ६० लाख ४८ हजार दुई सय ६४ राजस्व सङ्कलन यातायात व्यवस्था कार्यलय पोखराले गरेको छ। करको दरमा भएको वृद्धि र सहजरूपमा कर तिर्ने व्यवस्था मिलाइएकाले राजस्व सङ्कलन बढेको यातायात व्यवस्था कार्यालय पोखरा (सवारी)का प्रमुख डिल्लीराम रिजालले बताउनुभयो। "सवारीसाधन दर्ता र नवीकरणसम्बन्धी सेवा दिने हाम्रो कार्यालयमा फाइललाई डिजिटलाइजेसन गरेर लाइन बस्न र बिचौलियाको सहयोग लिन नपर्ने बनाएपछि सेवाग्राहीको चापसँगै राजस्व पनि बढेको छ", उहाँले भन्नुभयो, "सहज, छिटो हुने भएकाले अन्य प्रदेशमा दर्ता भएका सवार ीसाधनका धनी पनि नवीकरण गर्न हामीकहाँ आउँदा राजस्व बढेको हो।" सो कार्यालयबाट आव २०७८/७९ मा रु एक अर्ब ३५ करोड आठ लाख पाँच हजार २८ राजस्व सङ्कलन भएको थियो । यसैगरी यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) कास्कीले रु २४ करोड ३९ लाख ९३ हजार आठ सय चार राजस्व सङ्कलन गरेको छ। "अघिल्लो वर्ष रु २० करोड १४ लाख ४२ हजार राजस्व सङ्कलन भएकामा यस वर्ष २१ दशमलव १२ प्रतिशतले बढेको छ", उहाँले भन्नुभयो, "सेवाग्राहीको अत्यधिक चाप र भीड हुने भएकाले बिहान ८:०० बजेदेखि नै सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन गर्न र सवारी चालक अनुमतिपत्रको राजस्व अनलाइनमार्फत बुझाउने व्यवस्था मिलाइएको छ।" अघिल्लो वर्षको तुलनामा करिब रु चार करोड बढी रु १९ करोड १४ लाख पाँच हजार नौ सय ७० राजस्व सङ्कलन गरेको यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख पारसिंङ थापाले ठूला सवारीसाधनको सवारी चालक अनुमतिपत्रको लागि बागलुङमै ट्रायल सञ्चालन गर्ने तयारी भएको बताउनुभयो।

यातायात कार्यालय नवलपुरले अघिल्लो वर्षको तुलनामा करिब पाँच करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ। नवलपुरबाट रु ३१ करोड ६६ लाख ४८ हजार ४५ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख टेकबहादुर केसीले बताउनुभयो । यातायात कार्यालय डुम्रेका प्रमुख कुशल सुवेदीले रु १८ करोड ७५ लाख ६४ हजार सात सय १७ राजस्व सङ्कलन भएको बताउनुभयो । सो कार्यालयले गत वर्ष रु १३ करोड ८४ लाख २१ हजार तीन सय ५६ राजस्व सङ्कलन गरेको थियो। अघिल्लो वर्ष रु छ करोड २४ लाख १० हजार ५३ राजस्व सङ्कलन गरेको यातायात शाखा लमजुङले यसपटक रु चार करोड १६ लाख ६६ हजार एक सय ९७ सङ्कलन गरेको छ। यातायात शाखा स्याङ्जाले रु नौ करोड १९ लाख र गोरखाले रु तीन करोड ९१ लाख ७७ हजार राजस्व सङ्कलन गरेको छ । दरबन्दीअनुसारका कर्मचारीको अभाव, करारका कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपर्ने, सङ्घीय सरकार मातहतको सर्भरमा पटक-पटक आइरहने समस्याका कारण सेवाप्रवाहमा चुनौती रहेको यातायात कार्यालय डुम्रेका प्रमुख कुशल सुवेदीले बताउनुभयो । "दरबन्दीका कर्मचारी नभएकाले कार्यालय सहयोगीलाई राजस्व सङ्कलनको जिम्मा दिनुपरेको छ", उहाँले भन्नुभयो, "ट्रायल, लिखित परीक्षा र कार्यालयको कामकाज सञ्चालन गर्न समस्या भएको छ।" यातायात शाखा स्याङ्जाका प्रमुख द्रोणप्रसाद पनेरुले जिल्ला बाहिर जाँदा सहयोगीलाई कार्यालयको जिम्मा लगाउनुपरेको बताउनुभयो । यातायात कार्यालय नवलपुरका प्रमुख टेकबहादुर केसीले १८ जनाको दरबन्दी भएकामा छ जनामात्र स्थायी भएको र कर्मचारी अभावका कारण सवारीसाधनको अनुगमन गर्न समस्या भएको बताउनुभयो।

पूर्वाधार र जनशक्ति अभावमा सवारीसाधनको प्रदूषण जाँच न्यून मात्रामा भएको यातायात कार्यालय कास्की सवारीका प्रमुख डिल्लीराम रिजालको भनाइ छ । कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले प्रदेशको आन्तरिक आम्दानीमा ६६ प्रतिशत योगदान गर्ने यातायात कार्यालयलाई प्रविधिमैत्री, स्रोतसाधन सम्पन्न बनाएर छिटो, छरितो सेवा प्रवाह गर्ने वातावरण बनाउन प्राथमिकता दिएको बताउनुभयो । "नेपालमै पहिलोपटक यातायात कार्यालय पोखरामा सुरु भएको सवारी चालक अनुमतिपत्र नवीकरणको राजस्व अनलाइनबाट भुक्तानी गर्ने र सवारीसाधनको फाइललाई डिजिटलाइजेसन गर्ने कार्यलाई अन्य कार्यालयमा पनि विस्तार गर्न बजेट विनियोजन गरेका छौँ", उहाँले भन्नुभयो, "प्रविधिको प्रयोग गरेर यातायात कार्यालयलाई स्मार्ट बनाउन जोड दिएका छौँ।" अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई प्रोत्साहन रकम प्रदान गर्ने, रिक्त दरबन्दीको पदपूर्ति र तत्कालै करारका जनशक्ति व्यवस्थापन गर्ने जानकारी दिँदै मन्त्री जुग्जालीले मन्त्रालयको गतिलाई पक्रेर काम गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव तुलसीराम भट्टराईले सफ्टवेयर र सर्भरको समस्याको विषयमा सङ्घीय र प्रदेशका भौतिक मन्त्रालयहरूको समन्वय बैठकको मुद्दा बनाउने बताउनुभयो । उहाँले चार वर्षअघि बनेको यातायात नियमावली कार्यान्वयन गर्न कार्यविधिको मस्यौदा तयार पारेको जानकारी दिँदै आर्थिक ऐनको त्रुटिका कारण सवारीसाधन नवीकरण गर्न सिर्जना भएको समस्या समाधानका लागि अन्तरमन्त्रालय समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो।

मन्त्रालयका महाशाखा प्रमुख टीकाराम पौडेलले प्रविधिको प्रयोग गरेर यातायात कार्यालयको सेवालाई सहज र सुधार गर्न प्राथमिकता दिएको जानकारी गराउनुभयो । प्रविधिको प्रयोगबाट कम जनशक्ति परिचालन गरेर अधिकतम सेवा प्रवाहको प्रयासमा मन्त्रालय रहेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले गत आवमा गण्डकीमा तीन सय ७४ वटा दुर्घटनामा एक सय ६८ जनाको ज्यान गएको र सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको जानकारी दिनुभयो । ट्राफिक प्रहरीले गत वर्ष गण्डकीमा एक लाख ९६ हजार नौ सय ४४ सवारीसाधनलाई कारबाही गर्दा रु २३ करोड ८५ लाख ३१ हजार राजस्व सङ्कलन भएको सुवेदीले बताउनुभयो।

# गोल्डेन ढाकाटोपीको सेमिफाइनलमा २४ समूह छानिए

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

मिरर किङ इन्टरटेन्मेन्ट प्रालि र बिटुडी डान्स स्कुलले संयुक्त रुपमा आयोजना गरेको तेस्रो संस्करणको गोल्डेन ढाकाटोपी कल्चरल ग्रुप डान्स कम्पिटिसनको सेमिफाइनलमा २४ समूह छनोट भएका छन्।

ढाकाटोपी कम्पिटिसानको जेठ २० देखि २७ गतेसम्म समूह चरणको अडिसन भएको थियो। उक्त चरणमा गण्डकी प्रदेशका ५३ वटा स्कुल सहभागी भएका थिए । समूह चरणबाट सेमिफाइनलमा २४ समूहले स्थान पक्का गरेको प्रतियोगिताका निर्देशक अमन तामाङले जानकारी दिए । 'सुरुमा सहभागी हुने स्कुलले भिडियो पठाएर अडिसनमा भाग लिएका थिए। त्यही भिडियोका आधारमा हामीले सेमिफाइनलमा छनोट गरेका हौं,' तामाङले भने, 'सेमिफाइनल साउनको १३ गते हुनेछ।' प्रतिस्पर्धामा छनोट भएका स्कुल गण्डकी प्रज्ञा प्रतिष्ठानको सभा हलमा अन्तिम चरणका लागि प्रतिस्पर्धा गर्न आउनेछन् । प्रतियोगिताको फाइनल भदौ २ गते हुने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा पहिलो हुने स्कुलले गोल्डेन ढाका टोपीसहित १ लाख रुपैयाँ, दोस्रो हुनेले ट्रफीसहित ७५ हजार रुपैयाँ, तेस्रोले ट्रफीसहित ५० हजार रुपैयाँ, चौथो हुने स्कुलले ट्रफीसहित ३० हजार रुपैयाँ र पाँचौं हुने स्कुलले ट्रफीसहित २० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । 'उत्कृष्ट नृत्य निर्देशकलाई गोल्डेन ट्रफीसहित १५ हजार रुपैयाँको पनि व्यवस्था गरिएको छ,' तामाङले भने।

प्रतियोगितालाई गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान तथा अन्य निजी संघसंस्थाले सहयोग गरेका छन् । प्रतियोगिताका सम्पूर्ण भाग पब्लिक फोरके टेलिभिजनबाट प्रसारण हुनेछ।

# एमाले गण्डकी प्रदेश जनसंगठन समन्वय संयन्त्रको बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन




नेकपा एमाले गण्डकी प्रदेश कमिटीको जनसंगठन समन्वय संयन्त्रको बैठक बुधवार सम्पन्न भएको छ।

बैठकमा नेकपा एमाले स्थाई समिति सदस्य एवं जन संगठन प्रमुख भानुभक्त ढकालको प्रमुख अतिथ्यतामा सम्पन्न भयो। उक्त बैठक नेकपा एमाले गण्डकी प्रदेशका उपाध्यक्ष तथा जन संगठन संमन्वय संयोजक मोहन रेग्मीको अध्यक्षतामाभएको बैठकमा २३ वटै जन बर्गीय संगठनहरु र जिल्लाका जन संगठन संयोजक हरुले आफ्नो वार्षिक कार्ययेजना सहित हालसम्म संगठनमा भए गरेका कामको बारेमा जानकारि गराए। बैठकमा कार्यकर्ताहरुलाई प्रशिक्षण दिदै प्रमुख अतिथिले संगठनलाई नियमित अगाडि बढाउन अनुशासित, सुसुचित र जनता सम्म जानु पर्ने। बिधी रबिधानमा टेकेर हिड्नु पर्ने, नेता हैन नितिलाई कार्यान्वयन गर्ने, गुटको अन्तय गर्ने जस्ता कुरामा जोड दिए । त्यसै गरि नेकपा एमाले केन्द्रिय सदस्य एवं गण्डकि प्रदेश संयोजक सुर्य पाठकले एमालेका संगठानिक गतिबिधीहरुलाई चलायमान बनाउन बाकि रहेका संगठनहरुको अधिवेशन भेला बैठक समेत समयमै गर्नुपर्ने निर्देशन दिए । यहि साउन २३ गते ११ वटै जिल्ला तथा प्रदेशका जन बर्गिय संगठन का पदाधिकारी र ईन्चार्जहरुको सहभागितामा हुने प्रदेश स्तरिय जनसंगठन भेला गर्ने भएको छ । पार्टि र जनसंगठन हरुलाई चलायमान साथै प्रभावकारि बनाउन समय सापेक्ष संगठनका क्रियाकलापहरु लाई द्रुत गतिमा अगाडि ढाउन जोड दिएको एमाले गण्डकि प्रदेशका उपाध्षक्ष एवं जन संगठन संयोजक मोहन रेग्मीले बताए।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# डेँगु संक्रमणप्रति सरकार बेखबर

धरान उपमहानगरपालिकामा डेंगु संक्रमण निकै तीव्र गतिमा फैलिरहेको छ। एक हप्ता अघिसम्म दैनिक १२-१५ जनामा संक्रमितको पुष्टि हुने गरेकोमा बुधबार १०० भन्दा बढीमा संक्रमण देखिएको छ। उपचारमा संलग्न चिकित्सकका अनुसार गत तीन वर्ष अगाडिको दृश्य देखिन सुरु गरिसकेको छ। सन् २०१९ मा धरानमा डेंगुले महामारीकै रूप लिएको थियो। धरान उपमहानगरपालिकामा मात्रै अहिलेसम्म संक्रमित संख्या २ हजार नाघिसकेको छ। डेँगुको समस्या धरानको मात्र होइन देश भरीको समस्या हो।

बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्रवक्ता डा. चुरामणि पोखरेलका अनुसार मनसुन सुरु भएदेखि डेंगुका बिरामी आउने संख्या बढ्दो छ। 'हाल डेंगुकै बिरामीले आकस्मिक कक्ष भरिभराउ भएका छन। दैनिक परीक्षण गरिएको मध्ये ७५ प्रतिशतभन्दा बढीलाई डेंगु पुष्टि हुने गरेको छ। डेंगु संक्रमित बढेसँगै धरान उपमहानगरपालिका र प्रतिष्ठानको सहकार्यमा क्लिनिक सञ्चालनमा आएको हो। धरानमा हाल संक्रमणसँगै बिरामीको मृत्यु समेत हुन थालेको छ। डेंगु संक्रमणको कारण उपमहानगरपालिका वडा १७ की ३७ वर्षीया महिलाको मृत्यु भइसकेको छ। दैनिक डेंगुका ४०-५० जना आकस्मिक कक्षमा भर्ना हुने गरेका छन्।

'आकस्मिक कक्षको क्षमता १०० बेडको छ। तर, डेंगुका दैनिक ५० जनाभन्दा बढी बिरामी भर्ना हुँदा आकस्मिक कक्ष भरिभराउ हुने गरेको छ'।'बालबालिका, गर्भवती, ज्येष्ठ नागरिकसम्मलाई डेंगुको संक्रमण भइसकेको छ। धरानमा समुदायस्तरमा संक्रमण फैलिइसकेको छ। धरानमा महामारीको रुप लिन शुरु गरेको छासमस्या देश भरीको हो।ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक अनुसार डेंगुको संक्रमण ६८ जिल्लामा फैलिएको छ। सरकारी अस्पताल पुगेका बिरामीको संख्या मात्र हेर्दा पनि पुसयता २ हजार ९३० जनालाई डेंगु भएको छ। जसमध्ये सुनसरीमा मात्रै १ हजार ५७१ जनामा संक्रमण पुष्टि भएको छ। त्यस्तैगरी, धादिङमा २५६, दार्चुलामा १८८, कास्कीमा १४९, सखुंवासभामा ५८, काठमाडौंमा ४६, कञ्चनपुरमा ३९, भक्तपुरमा ३५, म्याग्दीमा ३५ र झापामा ३२ जना डेंगुका बिरामी भेटिएका छन्।

यस्तै यस वर्ष भने कोशी प्रदेशमा सबैभन्दा बढी डेंगुका संक्रमित भेटिएका छन्। कोशी प्रदेशमा १ हजार ७४६, बागमती प्रदेशमा ४६८, सुदूरपश्चिम प्रदेशमा २७९, गण्डकी प्रदेशमा २६९, लुम्बिनी प्रदेशमा १३४, कर्णाली प्रदेशमा १८ र मधेश प्रदेशमा १६ जनामा संक्रमण पुष्टि भएको छ। सरकार र राजनीतिक दलको ध्यान स्वास्थ्यमा जाँदैन भन्ने ज्वलन्त उदाहरण डेँगको संक्रमण हो। प्रत्येक वर्षजसो डेंगुले प्रकोपकै रूप लिइरहँदा पनि सरकारले रोकथाम तथा नियन्त्रणका लागि ठोस कदम चाल्न सकेको छैन।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीका अनुसार सरकारले दीर्घकालीन रणनीतिक योजना बनाउन नसक्दा प्रत्येक वर्ष प्रकोपको सामना गरिराख्नुपरेको छ। सरकार र स्वास्थ्य मन्त्रालयको राजजीतिक नेतृत्व थाहा नपाएको जस्तो गरेको छ। गत वर्ष सरकारी निकायबीच समन्वयको कमी, खोज तथा नष्ट अभियान प्रभावकारी नहुँदा, विगतको तथ्यांकको विश्लेषण नगरिंदा तथा स्वास्थ्य मन्त्रालयको कमजोर नेतृत्वको कारण काठमाडौं लगायत जिल्लामा डेंगुले महामारीकै रूप लिएको छ। गत वर्ष सरकारी तथ्यांकमा ५४ हजारभन्दा बढी संक्रमित र १०० भन्दा बढीले ज्यान गुमाएका थिए। तर, विज्ञको अनुमानमा २ लाखभन्दा बढी डेंगु संक्रमित भएका छन्। यस्तो अवस्था हुँदा पनि राजनीतिक दलले सशक्त रुपमा आवाज नउठाउनु र सदनमा ध्यानाकर्षण नहुनु स्वास्थ्य समस्या नै होइन जस्तो ठान्नु हो।जनताप्रति जवाफदेही नहुनु हो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बाको आँखामा आँशु

मोदनाथ मरहट्टा

बन्दाबन्दीका दिनहरूमा घामको ताप तातिँदै आएको छ। जति जति घाम चर्किंदो छ कोरोना महामारीमा ज्यान गुमाउने मानव संख्या थपिँदो छ। शहर र शहर उन्मुख वस्तिमा चानुमानु केही देखिँदैन। हरेक मान्छेमा भय र छट् पटी छ। त्यही छट्पटीमा म पनि छुँ। विगतदेखि आफूलाई केलाएर हेर्छु। जिजीविषाले कहिल्यै छोड्ने होइन, आफू बुढिँदै आउँदा पुराना इष्टमित्रहरूको धुमैलो संझना मात्र बाँकी रहने रहेछ।

घरभित्रै अल्मलिन्छु, कुनै किताब वा कापीका पानाले समय काट्ने साधन बनाउँछ। एकदिन आफ्नो बाल दौंतरी भाइ वेद शर्माले दृश्य फोनमा भनेथ्यो - 'दाइ, दाह्री नकाट्दा त तिमी पनि बा जस्तै देखिन्छौ। खाटा बसेको घाउ कोट्टियो। साँच्चै यो स्थितिमा आइपुग्न बा आमाको ठूलो देन छ। हामी जम्मा तीन भाइ हौं। जेठो दाज्यै गोरखा, काठमाडौं गर्दै हुनुहुन्छ। कान्छो भाइ यतै चितवनमा रहन्छ। विषय र परिस्थितिले हामी अलग स्थानमा रहे पनि भातृत्वले निकै नजिक छौं। हामीमा कुनै कटुता छैन।

हाम्रो संस्कृतिले पितृदेवो भवः भनेर दिवंगतहरू प्रति स्मरण गराएको छ। हिन्दु कर्मकाण्डीय संस्कृतिले बाआमाको पुण्य तिथि मानेर सम्झने गर्छन् तर मेरो हकमा भने त्यो कर्म पनि गर्दिन तर बा आमा निरन्तर श्रद्धाको पात्र हुनुहुन्छ।

फलाम जस्तो बलियो र हिमाल जस्तो कञ्चन मन भएका हाम्रा बाले जीवन पर्यन्त कहिल्यै हरेश खानु भएन र हामीहरूलाई उत्साहित गरिरहनु भयो। हामीलाई हुर्काउन, पढाउन दुःखको पहाडले चेपिँदा पनि धैर्यसाथ सम्हालिनु भयो। कसैमाथि होचि-अर्घेलीको व्यवहार बाले हामीलाई सिकाउनु भएन। हाम्रा बा आमा दुवै टुहुरा। बा डेढ वर्षको हुँदै गर्दा पिताजीको निधन भयो। तीनवटी दिदी र हजुरआमाले कष्टसाथ हुर्काउनु भयो। आमाको जन्म भएको छैठौं दिनमा हजुरबा बित्नु भएको रे आमाले भन्नुहुन्थ्यो। अनौठो संयोग दुवै टुहुराको घरजम भयो। हाम्री आमासित बाको दोश्रो प्रणय सम्बन्ध हो। बा आमाको उमेरको अन्तर उन्नाइस वर्षको थियो। बाको पहिलो घरबार बिग्रियो। जेठी आमापट्टि एक छोरी एक छोरा जन्मिए तर दुईवर्ष भित्र तीन प्राणीको निधनले बालाई कति आघात पुग्यो हामी कसरी बुझ्न सक्छौं। कति आँशु बगे कति मर्माहत हुनुभयो लेखा कसैले राखेन। फेरि पनि गधा पच्चिसी उमेर, वैराग्य बोध गरेर जोगी हुन पनि दिएन र दोश्रो पटक दुलाहा बन्नु भयो। गृहस्थी चलाउनु त्यो समयको बाध्यता थियो। अंश चलाउनु थियो वंश चलाउनु थियो र जीवनको लय धकेल्नु थियो।

जुग जमाना साह्रै कष्टकर थियो। राज्यको आड लागेका जिम्माल, मुखिया, थरी, द्वारेको हैकम राणा सरह थियो। उनीहरूले तोके बमोजिम झारा बेठी अवैतनिक श्रम दिनु पर्थ्यो। बाली सेर्माको कागज निखन्न धौ धौ थियो। विर्तावालको कुत त्यत्तिकै चर्को थियो। भकारी दह्रो नभए अनिकालको महामारी खेप्नु पर्थ्यो। कडा रोग लागेमा वा दैवी घटनामा संयोगले बाँच्नेको मात्र जीवन रहन्थ्यो। सुका पैसा आम्दानी गर्न पशुधन वा अन्नपात मात्र साधन थियो। भारो पर्म र ऐँचो पैँचो नै विनिमय चल्थ्यो। अनिकालको मार पर्दा बेसाह खोज्नु इज्जतको सवाल थियो। जग्गा जमिन र वन बुटो त केही थियो। हजुरबाको अंशमा घुन पुत्लो नलागेकोले पन्ध्र-अठार रोपनी धानखेत थियो, झण्डै त्यति नै क्षेत्रफलको पाखोबारीले आयस्ता दिन्थ्यो। भकारोमा हलगोरु थलामा भैंसी र बाख्रा पाठाले गृहस्थको सौन्दर्य झल्कन्थ्यो। बाह्रै महिना ढाड सोझो नहुनेगरी श्रममा घोटिनु हुन्थ्यो। प्रकारान्तरले तीन भाइ छोराको मुख हेर्दा सन्तोषको स्वास फेर्ने आधार चाहिँ थियो।

हाम्रा बाजे श्रीनाथ पण्डित पुराण वाचक हुनुहुन्थ्यो। वनारसबाट विद्या आर्जन गरी बाह्र वर्षकै उमेरदेखि पुराणको अर्थ दिनसक्ने भएकोले बाको लागि पढ्नुपर्ने बाध्यता पनि थियो। हजुर आमाले आफ्नै माइततिर लगी रुद्री, चण्डी, वेद वाचन गर्न सक्ने बनाउनु भएछ। बा भन्नुहुन्थ्यो- अठार-बीसको उमेरपछि दुईवटा बाबु नानी जन्मिए। पाँच वर्षीया छोरी, दुईवर्षे छोरा, पच्चीस छब्बीसकी जीवनसाथी एक वर्ष भित्र दाह संस्कार गरैं। त्यस्ता उराठे दिनमा बाको कति आँसु बग्यो, न हामीले सोध्यौं न बाले बताउनु भयो।

अरु दिनहरूमा पनि पक्कै आँसु आयो। गाउँका मुखिया जिम्मालका बाँझो बारी खन्नु पर्दा पटुका कसेर कति दिन दलिनु पऱ्यो, त्यो अन्याय त्यो दमन लेख्ने कोही थिएन। १४-१५ सालतिर काठमाडौं देखि पोखरासम्म टेलिफोन विस्तार गर्दा जिम्माली उर्दी मानेर टेलिफोनका तार र सालका सत्तरी बोक्न लगाइयो। निवेलदेखि खोप्लाङसम्म दरौंदीका बगरमा नाङ्गा खुट्टा भारी बोक्दा जरेवरमा लडेर दाहिने कुर्कुच्चा रक्ताम्मे हुनेगरी घाउ लाग्यो, त्यो बेला बाको आँसु कति बग्यो ? त्यो खत बाँचुन्जेल बसी रह्यो।

हामी जान्ने बुझ्ने भएपछि ती व्यथा खोतल्थ्यौं। गला अवरुद्ध पार्दै बा भन्नुहुन्थ्यो -'जुग जमाना पनि त्यस्तै थियो तिमेरुलाई पनि हुर्काउनु पर्थ्यो।' सरकारी अड्डाले बालाई तारेखमा हिँडाएको सुनाउनु हुन्थ्यो। बाकी कान्छी दिदी बाल बिधवा थिइन्। घरपट्टिको झिटीलाम्टोमा भाइभतिजाको ऱ्याल चुहियो। माइतमा आश्रम लिएकी बिधवाप्रति नातामा भतिजा पर्नेले हातपात गऱ्यो। फुपूलाई बात लाग्यो, जात गयो। गाउँको कचहरीले अड्डालाई सुम्पुवा दियो। अड्डाले बालाई तारिखमा हिँडायो फुपूलाई जेल पठायो। सर्वस्व हरण भयो। अहँ, बाले प्रतिवाद गर्न सक्नु भएन। अर्को पटक भूमिसुधार कार्यालयले तारखेमा हिँडायो। हाम्रो परिवार जातका हिसावले उपाध्याय वर्गमा छ। त्यो समयसम्म ब्राह्मणले हलो जोत्नु जात विरोधी भइन्थ्यो त्यसैले एक जना सार्कीबा बनीबुतोमा हली थिए। उनको गर्जो टार्न बाले आठवीस रुपियाँ ऋण दिनु भएको रहेछ त्यो चलनलाई 'ठेडी' भनिन्थ्यो। भूमिसुधारको डोर हाकिमले हाम्रा बालाई साहुको दर्जा करार गऱ्यो र लेखाइ देखाइ गरायो। दुईवर्षको तारेखपछि त्यो मुद्दा डिसमिस भयो।

बासित गृहस्थीका लागि चाहिने सबै सीप थिए तर चल सम्पत्ति भने पुगेस्-पुगेस् मात्रको थियो। नगद आर्जन त्यति सहज थिएन। घरको आयस्ताबाट बचाएर एकदुई मुरी धान पर सार्नु हुन्थ्यो। हिउँदका दिनमा काठे ढिकीमा आमाले चामल बनाउनु हुन्थ्यो। बाहरू पोखरा, काठमाडौं लगेर नगदमा साट्नु हुन्थ्यो। नाङ्गा पैताला तीन-चार दिन बोझ बोकेर हिँड्दा कति आँसु झरे हामीले बुझेनौं। पैदलबाटो रुखका फेदमुनि बासबस्दै बजारले दिएको मोल खोकिलामा घुस्रन्थ्यो। दुई पैसाको मिश्रीसम्म एक्लै खाने बानी थिएन। थुकतेल गरेर गर्जो टार्नु पर्थ्यो। एकसरो घरवुनाको भोटो र नैनासुतको कछाडले वर्ष छिचोल्नुहुन्थ्यो। कता ज्याकेट कता स्वीटर हुनु।

हामीले पच्छ्याउन नसकेको बाको श्रमशिक्षा हो। बाले हामीसित काम र दामको पटक्कै आशा गर्नु भएन। हामीले बाको सीप सिको नगर्नु एउटा कारण यो पनि हो।

राजनीतिको कुटिल विज्ञानले बालाई कहिल्यै छोएन तर समाजको होची–अर्धेलीले सधैं लखेटिरह्यो। बाका मावली लिगलिगका देवकोटा हुन। उनीहरू कोही काँग्रेस, कोही गोरखा परिषद् र कोही कम्युनिष्ट पनि थिए। त्यहाँ राजनैतिक बहस हुन्थ्यो तर बाले चासो राख्नु भएन। बाले सुनाउनु हुन्थ्यो - एकपटक चामलको धोक्रो बोकेर पोखरा जाँदा चेपेको जँघारमा खुट्टा चिप्लिएर लडें। पूरै चामल पानीमा डुब्यो। पुस महिनाको जाडो, चेपेको पानीमा डुबेको भारी कसरी पोखरा पुऱ्याएँ। यस्ता दुःखद घटना बाको दैनिकीमा आए गए।

२०२४ सालको मङ्सिरको अन्त्यतिर हुनुपर्छ हामी तीनै भाइ गाउँको विद्यालयमा पढ्दै थियौं। त्यो दिन वार्षिक परीक्षाको नतिजा प्रकाशनको दिन थियो सबै विद्यार्थीका अभिभावक विद्यालयमा जम्मा भएका थिए। त्यो दिनको थप आकर्षण तत्कालीन भूमिसुधार मन्त्री राजेश्वर देवकोटाको उपस्थिति थियो। हाम्रा बाको नातामा उनी मामाका छोरा थिए, त्यसैले हाम्रो परिवारमा उनको घनिष्ठता थियो।

नतिजा प्रकाशन कार्यक्रम शुरु भयो। कान्छो भाइ जीवनाथ कक्षा एकबाट समुत्तीर्ण भयो। भाइ लब्धाग्र पत्र बोकेर बा भएको ठाउँमा पुग्यो। म कक्षा तीनमा पढ्थें कक्षा तीनको क्रम आएपछि प्रथम स्थानको मेरो लब्धाग्र पत्र आयो। म पनि भाइजस्तै दगुरेर बाको अगाडि गएँ। कक्षा चार पछि कक्षा पाँचको नतिजा आयो। दाइ नरनाथको पनि प्रथम स्थानको नतिजा पत्र सहित हामी तीन भाइ बाको अङ्गालोमा बेरियौं। बाको आँखाबाट बर्र आँसु झरे। बा रोएको मैले पहिलो पटक देखें।

नतिजा प्रकाशको समाप्तिपछि ती मन्त्रीले बालाई भेट गरे। सन्चो विसन्चो जानकारी पछि छोराहरूलाई मेरो तर्फबाट पुरस्कार भन्दै पाँच मोहोर बाको हातमा थमाएर गए। हरेक वर्षको वार्षिक परीक्षामा हाम्रो स्थान उस्तै हुन्थ्यो, बा आमालाई छोरा पढाउने हौसला मिल्थ्यो।

बा चौसठ्ठी हिउँदमा हिँड्दै हुनुहुन्थ्यो। हाम्री आमाको अचानक देहवशान भयो। मृतक आमाको शरीर काखमा राखेर बाले रुँदै भन्नु भयो -"जेठीले छोडेर गए पनि तँलाई हेरेर बसें, आजदेखि तँ पनि गइस।' बाको गला अवरुद्ध भयो। आँसुका धारा छातीहुँदै भुइँ झऱ्यो। त्यो दृश्यले मलाई अहिले पनि हिर्काउँछ।

-साभार गण्डकी सङ्गम

# कालीपुलको टर्मिनल भवन सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ साउन

म्याग्दी सदरमुकाम बेनी बजारस्थित कालीपुल बसपार्कमा निर्माण भएको टर्मिनल भवन सञ्चालनमा आएको छ। बसपार्क सञ्चालन भएको १६ वर्षपछि निर्माण भएको टर्मिनल भवन आज बेनी नगरपालिकाका प्रमुख सुरत केसीले उद्घाटन गर्नुभएको हो। बागलुङस्थित सघन सहरी तथा भवन निर्माण आयोजनाले निर्माण गरेको सो भवन नगरपालिकालाई हस्तान्तरण गरेपछि उद्घाटन गरिएको हो।

टर्मिनल भवन बनाउन विसं २०७८ पुसमा रु दुई करोड ८५ लाख ४५ हजारको लागतमा ठेक्का सम्झौता गरिएको थियो। नवनिर्मित भवनमा म्याग्दीबाट विभिन्न ठाउँमा छुट्ने यातायातका टिकट काउण्टर सञ्चालन गरिएको छ। विसं २०६४ मा पर्वत र म्याग्दी जोड्ने कालीगण्डकी नदीमाथि पक्की मोटरेबल पुल निर्माण भएपछि कालीपुलमा बसपार्क सञ्चालन भएको थियो। बसपार्कमा निर्माण गरिएको एकतले भवनमा टिकट काउन्टर, शौचालय र यात्रु प्रतिक्षालय छन्। बसपार्कको भवन परिसरमा आरसिसी ढलान गरिएको छ। अपाङ्गतामैत्री भवनमा सुरक्षा निगरानीका लागि सिसि टिभी क्यामेरा जडान गरिएको छ। उद्घाटन समारोहमा प्रमुख केसीले एकैठाउँबाट यात्रुहरूले टिकट काट्न पाउँदा सुविधा हुने बताउनुभयो। उहाँले कालीपुल बसपार्क क्षेत्र म्याग्दी र मुस्ताङको प्रवेशद्धार हुनाका साथै यो स्थल स्वच्छ र सफा भएकाले आउने पर्यटकलाई सकरात्मक सन्देश मिल्ने चर्चा गर्नुभयो। नवनिर्मित भवनमा टिकट काउन्टरका लागि कोठा विभाजन र यात्रुलाई विश्राम गर्न फर्निचरको व्यवस्था गरिएको कालीपुल बसपार्क व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडानं-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार बसपार्कलाई सफा र व्यवस्थित गराउन सात कर्मचारी नियुक्त गरिएको र व्यवसायीहरूबाट न्यूनतम सरसफलाई र पार्किङ शुल्क लिने गरिएको छ। बसपार्कबाट हुने आम्दानीलाई स्थानीय बाल मन्दिर माध्यमिक विद्यालय, नगरपालिका र बसपार्क व्यवस्थापनमा परिचालन खर्च गरिने जनाइएको छ। विसं २०७४ मा नगरपालिकाले तयार पारेको बसपार्कको गुरुयोजनामा रु २१ करोड लागत अनुमान गरिएको थियो। गुरुयोजना अनुसार बसपार्कमा नगरपालिका, प्रदेश र सङ्घीय सरकारको सहकार्यमा बसपार्क ढलान गर्ने, नाली निर्माण गर्नेलगायतका पूर्वाधार निर्माण भइरहेको छ।

# 'ऐनापहरा' नमूना पर्यटकीय गन्तव्य

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ साउन

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ र ४ को सिमानामा पर्ने 'ऐनापहरा'लाई गण्डकी प्रदेशकै नमूना पर्यटकीय गन्तव्यस्थल बनाउन थालिएको छ। पृथ्वी राजमार्गदेखि नजिककै रहेको ऐनापहरामा रहेका प्राकृतिक पहरा र ढुङ्गामा कलात्मक मूर्तिलगायत आर्कषक संरचना निर्माण गरिँदै छ।

ऐनापहरास्थित झरनाको आडैमा रहेको ठूलो ढुङ्गामा हात्तीको मूर्ति कुँद्ने काम सुरु गरिएको गाउँपालिकाका इन्जिनियर पङ्कज मगरले जानकारी दिनुभयो। प्राकृतिकरुपमा रहेका सो क्षेत्रका ढुङ्गा तथा पहरालाई कुँदेर विभिन्न देवीदेवताका आकर्षक मूर्ति निर्माण गर्ने योजना छ। उद्यान निर्माणको जिम्मा श्री शुभ साहिल कन्ट्रक्सन आँबुखैरेनीले पाएको छ। उक्त क्षेत्रलाई पर्यटकीयस्थलको रुपमा विकास गर्न गाउँपालिकाले चालु आर्थिक वर्षमा रु एक करोड १३ लाख बजेट विनियोजन गरी काम अघि बढाएको मगरले बताउनुभयो। "दसैंदेखि सञ्चालनमा ल्याउने गरी निर्माण कार्यलाई तीव्रता दिइएको छ। उद्यानको ६० प्रतिशतभन्दा बढी संरचना निर्माण गरिएको छ", उहाँले भन्नुभयो। त्यसैगरी ढुङ्गा तथा पहरामा खोपेर मूर्ति बनाउन थालिएको छ। उद्यान निर्माण उपभोक्ता समितिमार्फत रु ७९ लाखको लागतमा काम अघि बढाइएको इन्जिनियर मगरले बताउनुभयो। उद्यानको प्रवेशद्वारमा विभिन्न मूर्ति बनाउने योजना रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो।

त्यसैगरी उक्त उद्यानसम्म बाटो, प्रवेशद्वार, शौचालय, उद्यानलगायत संरचना निर्माण भइरहेका छन्। ऐनापहरालाई तनहुँको मात्र नभई गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोचका साथ आकर्षक उद्यान निर्माण गर्न लागेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो।

गाउँपालिकाले तयार पारेको गुरुयोजनाअनुसार उक्त झरनालाई व्यवस्थित बनाउन रु दश करोड खर्च लाग्ने अनुमान गरिएको छ। उक्त स्थानमा सिसाको भ्युप्वाइन्ट निर्माण गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो।

# खानेपानीका लागि 'एक घर, एक फिल्टर'

**पोखरापत्र संवाददाता**
गोरखा, ३ साउन

गोरखाको भीमसेन थापा गाउँपालिकाको दुईवटा वडावासीलाई स्वच्छ खानेपानीका लागि फिल्टर वितरण गरिएको छ।

वडा नं ७ र ८ स्थित पिपलटारका ९३ घरपरिवारलाई स्वच्छ खानेपानी उपलब्ध गराउन फिल्टर वितरण गरिएको वडा नं ७ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो। 'मूलबाट ल्याइएको पानी त्यत्तिकै पिउनुभन्दा फिल्टर गरेर पिउँदा बढी फाइदा हुन्छ, उहाँले भन्नुभयो, "त्यसका लागि आवश्यक पहल गरी वाइन टु वाटर नेपालको आर्थिक सहयोगमा स्थानीयवासीलाई निःशुल्क फिल्टर वितरण गरिएको हो।" फिल्टर वितरण भएसँगै पिपलटार क्षेत्रका प्रत्येक घरधुरी, विद्यालय र वडा कार्यालयलगायत विभिन्न सङ्घ संस्थामा सुरक्षित खानेपानीको सुनिश्चितता भएको स्थानीय मिलनसार युवा क्बलका अध्यक्ष नवीन श्रेष्ठले बताउनुभयो। पिपलटार क्षेत्रमा 'एक घर, एक धारा' कार्यक्रम कार्यान्वयनमा आएपछि खानेपानीका लागि पिपलटारमा 'एक घर, एक फिल्टर' कार्यक्रम लागू गरी प्रत्येक घरलाई फिल्टर निःशुल्क वितरण गरिएको उहाँको भनाइ थियो। वडा कार्यालय र क्लबको पहलमा निःशुल्क फिल्टर पाएपछि स्थानीवासी खसी भएका छन्।

# नाटक 'करेसा कन्सर्ट' शनिबार मञ्चन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

नाटक 'करेसा कन्सर्ट' साउन ६ गते शनिबार पोखरामा मञ्चन हुने भएको छ।

यस अगाडि 'बुकिङ सो' मार्फत पोखराका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई देखाइएको यो नाटक आम नाटकप्रेमी दर्शकलाई लक्षित गरेर 'पब्लिक सो' मार्फत मञ्चन गर्न लागिएको हो । नाटक पोखरा थिएटरको गन्धर्व नाटकघरमा शनिबार दिउँसो १ बजे मञ्चन हुनेछ।

पोखरा थिएटरको प्रस्तुतीमा तयार भएको यस नाटकमा हाम्रो करेसावारीमा हुने फर्सी, प्याज, गोलभेडा, लसुन, साग, करेला,अदुवा, लौका, धनियाँ, कार्को, मुला, खुर्सानी, बेसारको स्वभाव र विशेषताको बारेमा रमाइलो शैलीमा बुझाउन खोजिएको छ । जुन बालबालिकाका लागि बढी रुचिकर हुनसक्छ।

नाटकमा फर्सीबहादुर बनेर रमेशबाबु तिमल्सिना, प्याजीमायाको बनेर अञ्जु दाहाल, गोलभेडाको बनेर रोशनी रामदाम, लसुन बनेर दिपसना विश्वकर्मा, साग बनेर अनुसा परियार, करेली बनेर रञ्जु दाहाल, अदुवा बनेर समीर पुन, लौका बनेर नम्रता ढकाल, धनियाँ बनेर पूर्णिमा अर्याल, काकरी बनेर सोनिया कार्की खत्री, मुलाबाबु बनेर रायन गुरुङ, भाले बनेर रोहित पौडेल र चिल्ली बनेर धनकाजी श्रेष्ठले दर्शकको ध्यान खिच्ने छन्। जसको लागि गन्धर्व नाटक घरको स्टेजमा सुन्दर करेसावारी निर्माण गरिएको छ । स्टेज कलरफूल देखिदा थिएटर प्रवेश गर्ने वितिकै बालबालिकाको ध्यान आर्कषित गर्नेछ। केदार श्रेष्ठले लेखेको नाटक अञ्जु दाहालको निर्देशनमा तयार भएको हो । नाटकका लेखक केदार श्रेष्ठले नाटक बालबालिकालाई लक्षित गरेर तयार भएको बताए । नाटकका निर्देशक दाहालले यो नाटक विद्यार्थीलाई करेसाबारीको बारेमा जान्नको लागि महत्वपूर्ण बन्ने बताइन्।

पोखरा थिएटरका अध्यक्ष परिवर्तनले नाटक मन्टेश्वरी देखि कक्षा ५ सम्मका विद्यार्थीलाई लक्षित गरिएको भएपनि अभिभावक, शिक्षक र आम नाटकप्रेमीको लागि समेत उत्तिकै महत्वपूर्ण रहेकोले पब्लिक सो को रुपमा मञ्चन गर्न लागिएको खुलाए । १ घण्टा १० मिनेट अवधिको नाटकको अर्को महत्वपूर्ण पाटो संगीत पनि रहेको छ । संगीत संयोजक कमल केसीले गरेको मेहनत, मञ्च सजावटमा अमृत परियारले गरेको प्रयोग र प्रकाश परिचालनमा मिलन श्रेष्ठले गरेको कामले नाटकलाई थप सुन्दर बनाउन सघाएको छ। नाटकलाई धेरैं दर्शक माझ पुऱ्याउन बजार व्यवस्थापक प्रकाश पराजुलीले त्यसको हिसाबकिताब राख्न बक्स अफिसमा रहेर शुभेक्षा शर्माले सघाएकी छन्। नाटकको प्रचारको लागि दयाराज ढुंगानाले पोष्टर डिजाइन गरेका छन्।

# लम्पी स्किनको औषधि र खोप वडा वडामा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ साउन

बागलुङका सबै स्थानीय तहका वडा वडामा पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाउन औषधि र खोप पठाएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले औषधि र खोप पठाएको हो।

दुई हजार नौ सय पशु बिरामी भएकोले पालिका तहका प्राविधिकमार्फत खोप र औषधि पठाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख तथा वरिष्ठ पशु चिकित्सक डा ऋषिराम सापकोटाले बताउनुभयो । केन्द्रले बागलुङ नगरपालिकाका लागि पाँच सय पशुलाई पुग्ने खोप पठाएको छ।

लम्पी स्किनबाट बागलुङमा एक सय ६६ गाईको मृत्यु भएको छ। लम्पी स्किन लागेका गाईगोरुको शरीरमा गिर्खा आउने, पाक्ने, रगत र पिप जम्ने तथा एक सय चार डिग्रीभन्दा बढी ज्वरो आउने हुन्छ। फार्म नै सञ्चालन गरेका किसानका गाईगोरु यस रोगबाट बढी बिरामी भएको पाइएको छ। वैशाखमा बागलुङको बडिगाड गाउँपालिकामा पहिलोपटक लम्पी स्किनको सङ्क्रमण देखिएको थियो। त्यसपछि क्रमशः अन्यत्र फैलिएको सापकोटाले बताउनुभयो।

पशु बिरामी हुँदा दूध उत्पादन घटेको छ । मृत्यु भएका पशुको कारण किसानले लाखौं क्षति व्यहोरेका छन् । ढोरपाटन नगरपालिकाका एक हजार दुई सय गाईगोरु यसबाट बिरामी छन्। निसीखोलामा पाँच सय १३, गलकोट नगरपालिकामा एक सय ४२, बडिगाड गाउँपालिकामा एक सय ८१ र तमानखोलामा एक सय ८९ गाई बिरामी परेका छन् । बागलुङ नगरपालिकामा पनि दुई सय २१ गाईमा पनि लम्पी स्किन देखिएको छ । सङ्क्रमण बढेपछि स्थानीय तहले खोप किनेर लगाएका थिए । भेटेरिनरी अस्पतालले चार हजार पाँच सय डोज खोप पालिका तहमा पठाएको सापकोटाले बताउनुभयो । सबैभन्दा धेरै सङ्क्रमण देखिएको ढोरपाटनमा प्राविधिकको अभावमा खोप लगाउन नसकिएको उहाँले बताउनुभयो । किर्ना, डाँस, भुसुना र लामखुट्टेबाट पशुमा यो रोग सङ्क्रमण फैलिने तथा गोठ फोहोर हुँदा पनि सङ्क्रमण बढी हुने गरेको पाइएको छ।

# 'बिताउँ जुनी हाँसेर माया गाँसेर'

**रासस**
पोखरा, ३ साउन

'आए म त खैजरीको तालै सुनेर
दिए मन तिमीलाई नै हजारौंमा चुनेर।
जिन्दगी त दुई दिनको पाहुना हो
बिताउँ जुनी हाँसेर माया गाँसेर ॥'

गायक नवराज थापा, राजकुमार बगर र प्रसाद थापाको स्वरमा रहेको यो कौराहा (कौडा) गीत निकै चर्चामा छ। यो गीतभन्दा अघि र पछि पनि कौराहा गीत र नृत्य निकै चर्चामा रह्यो । आधुनिकतामा गीत चर्चामा रहे पनि मौलिक शैलीको कौराहा संस्कृति लोप हुने हो कि ? भन्ने चिन्ता छ, मगर समुदायलाई । यही चिन्तालाई मध्यनजर गर्दै पछिल्लो समय मौलिक कौराहा संस्कृति जोगाउन तल्लिन छन् मगर समुदाय । केटाले गीत गाएर खैजरी र मुजुरा बजाउँदै केटीलाई नचाउने कौराहा नृत्य नेपालमा मगर समुदायको परम्परा लोकप्रिय नाच हो। सोही परम्परा जोगाउन पछिल्लो समय मगर युवायुवती नै लागिपरेका छन्। नेपाल मगर सङ्घ कास्की कदममार्ग चाउथे एकाइ समितिका युवायुवती मगर समुदायले आयोजना गर्ने हरेक कार्यक्रममा पुगिहाल्छन् । मगर पोशाकमा सजिएका उनीहरू खैजरी र मुजुराको तालमा कम्मर मर्काउन सुरु गरिहाल्छन्।

कदममार्ग चाउथे एकाइ समितिका कलाकार सीमा रानामगर आफ्नो संस्कृति हराउने हो कि ? भन्ने चिन्ताले केही समयअघि सिकेर नाच्दै हिँडेको बताउनुहुन्छ । "मैले सिकेको पाँच-छ महिना भयो । हामीले नसिके हाम्रो संस्कृति नै हराउने हो कि भन्ने चिन्ता थियो", सीमाले भन्नुभयो, "युट्युबमा आएको गीतमा त पहिला पनि नाचेको थिएँ।

तर खैजरी र मुजुरा बजाएर प्रत्यक्ष नाच्नु हाम्रो परम्परा रहेछ । अहिले बल्ल थाहा भयो।" उक्त समूहमा अहिले १० जनाले नृत्य गर्ने गरेको उहाँले सुनाउनुभयो । "हामी अहिले १० जना छौँ। हामीले केही भए पनि जानिसकेका छौँ", सीमाले भन्नुभयो, "हामीले जानेपछि पछि आउने पुस्तालाई पनि सिकाउन सजिलो हुन्छ।" सोही समूहमा खैजरी बजाउने अनि गीत गाउने क्याप्टेन ताराबहादुर रानामगरले लोप हुन थालेका कौराहा संस्कृति बचाउन सफल भएको बताउनुहुन्छ। "केही समयअघि त संस्कृति लोप नै हुने हो कि ? भन्ने साह्रै चिन्ता थियो", ताराबहादुरले भन्नुभयो, "पछि हामीले नै हाम्रो संस्कृति जोगाउनुपर्छ भनेर लागेपछि युवायुवतीले पनि रुचि राखेर सिके। अब चाहिँ बचाउन सकिन्छ भन्ने लागेको छ।"

कदममार्ग एकाइले जस्तै देशभरका नेपाल मगर सङ्घ अन्तर्गतका अरु समाजले पनि मौलिक कौराहा नाच्ने गरेको उहाँले बताउनुभयो । "पोखरामा अगल-अगल जिल्लाका मगर समुदायका मानिसको बसोबास छ । त्यसैले चुनौती पनि थियो । तर हामीले आँट्यौं", उहाँले भन्नुभयो, "बूढापाका अनि नानीबाबुलाई बोलाएर सिक्यौं अहिले त सजिलो भएको छ। हामीले जस्तै अरु समाजले पनि सिक्दै हुनुहुन्छ।" पुरानो घर तनहुँ बताउनुहुने ताराबहादुरले गाउँघरको जस्तै कौराहा जोगाउन सकेकामा खुसी व्यक्त गर्नुभयो । तनहुँतिरको मौलिक कौराहाको गीत उहाँले यसरी सम्झनुभयो।

'खैजरी के को छालाको
नानी त रैछ बाजेको पालाको।
पछ्यौरीको छेवै भिज्यो तिम्ले माया मार्दा
यो नानीको मायाले गर्दा ॥'

राष्ट्रिय मौलिक कौराहा संरक्षणका लागि समिति नै गठन गरेर काम गरिरहेको राष्ट्रिय मौलिक कौराहा संरक्षण नेपालका अध्यक्ष हर्क आलेमगरले बताउनुभयो । विसं २०७३ मा स्थापना भएको समितिले सोही वर्ष मौलिक कौराहाको राष्ट्रिय सम्मेलन गरेको उहाँले जानकारी दिनुभयो । "स्थापनापछि हामीले दमौलीमा राष्ट्रिय सम्मेलन गऱ्यौं। त्यहाँ कौराहाको पृष्ठभूमिसहित परिभाषामाथि चर्चा भयो", अध्यक्ष आलेमगरले भन्नुभयो, "पृष्ठभूमिको दस्तावेजीकरणका लागि हामीले दमौली घोषणापत्र जारी गऱ्यौं।" दमौली घोषणापत्र जारी भएपछि समूह निर्माण गरी संरक्षणका लागि विभिन्न जिल्लामा पुगेको उहाँले सुनाउनुभयो।

"यसको विकृति बढिरहेकाले मौलिकता जोगाउनुपर्छ भनेर समूह निर्माण विभिन्न जिल्लामा पुग्यौं", उहाँले भन्नुभयो, "जसले जस्तो किसिमले नाच्ने गाउने गरे पनि पहिला यसरी नाचिन्थ्यो भनेर मौलिकता देखाउन खोजिएको छ।" पत्रकारिताका माध्यमबाट मौलिक कौराहा संरक्षणका लागि 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार'को स्थापना गरेको पनि उहाँले जानकारी दिनुभयो।

# तनहुँमा उद्योग दर्तामा कमी

**पोखरापत्र संवाददाता**
दमौली, ३ साउन

तनहुँमा उद्योग दर्ता गर्ने क्रम घटेको छ । आर्थिक वर्ष २०७९/८० मा जिल्लामा छ सय तीन उद्योग दर्ता भएका छन्। अघिल्लो वर्षको तुलनामा यो वर्ष उद्योग दर्ता ह्वात्तै घटेको पर्यटन तथा उद्योग कार्यालय तनहुँले जनाएको छ।

देशको पछिल्लो आर्थिक अवस्थाको असर यहाँका उद्योग स्थापनामा पनि परेको हुन सक्ने कार्यालय प्रमुख दुर्गाराज सुवेदीले बताउनुभयो । आर्थिक वर्ष २०७८/७९ को भन्दा गत वर्ष आठ सय ११ वटा उद्योग कम दर्ता भएका उहाँले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा एक हजार चार सय १४ उद्योग दर्ता भएका थिए । आर्थिक वर्ष २०७९/८० मा जिल्लामा सबैभन्दा धेरै कृषि तथा वन पैदावरमा आधारित उद्योग दर्ता भएका छन्। उक्त अवधिमा कृषि तथा वन पैदावरतर्फ तीन सय १८ उद्योग दर्ता भएका छन्।

कृषि उद्योगतर्फ युवाहरूको आकर्षण बढेकाले यसतर्फ धेरै उद्योग दर्ता भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू पशुपालनतर्फ आकर्षित भएका छन्। यसले गर्दा कृषि तथा वन पैदावरमा आधारित उद्योग दर्ता बढेको छ।" कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन, तरकारी खेतीतर्फ आकर्षण बढ्दो छ। यो अवधिमा उत्पादनमूलकतर्फ ५०, कृषि तथा वन पैदावरतर्फ तीन सय १८, पर्यटनतर्फ एक सय १९, सेवातर्फ एक सय दश, पूर्वाधारतर्फ तीन र सूचना तथा सञ्चार प्रविधिमा आधारित तीन उद्योग दर्ता भएको कार्यालयले जनाएको छ। तनहुँमा थपिएका उद्योगको कूल पूँजी रु एक अर्ब २५ करोड ५७ लाख २ ९ हजार पाँच सय रहेको छ। ती उद्योगको वार्षिक उत्पादन क्षमता रु एक अर्ब २० करोड ४४ लाख १४ हजार एक रहेको छ । थपिएका उद्योगमा छ सय २८ जनाले रोजगारी पाएका छन्। गत आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा एक हजार चार सय १४ उद्योग दर्ता भएका थिए । त्यसमध्ये उत्पादनमूलक एक सय छ, कृषि तथा वन पैदावरमा आधारित आठ सय दश, पर्यटनतर्फ दुई सय ५६, सेवातर्फ दुई सय ३८ र सूचना प्रविधिमा आधारित चार उद्योग दर्ता भएका थिए। आर्थिक वर्ष ०७८/७९ मा जिल्लामा दुई हजार एक उद्योग दर्ता भएका थिए। त्यस्तै आर्थिक वर्ष ०७६/७७ मा जिल्लामा तीन हजार पाँच सय १५ उद्योग थपिएका थिए। यसैगरी आर्थिक वर्ष २०७९/८० मा वाणिज्यतर्फ नौ सय ९८ फर्म दर्ता भएका छन्। त्यस्तै एक हजार ७२ नवीकरण, २५ नामसारी, छ ठाउँसारी, एक सय ६४ को पूँजीवृद्धि, २२ को नाम परिवर्तन, ६३ को उद्देश्य थप भएको कार्यालयले जनाएको छ।

# बाख्रालाई डाले घाँस र आलु भण्डारण घर

**पोखरापत्र संवाददाता**
बलेवा, ३ साउन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले बागलुङमा सञ्चालन गरेको बाख्रा ब्लक र आलु ब्लक कार्यक्रमका लागि विभिन्न संरचना तयार गरेको छ । पशुधनको रूपमा बाख्राको व्यावसायिक उत्पादन र आलुको व्यावसायिक उत्पादनका लागि कार्यक्रमले किसानलाई सहयोग गरेको हो।

आव २०७९/८० मा मात्रै बागलुङ जिल्लाभर ६२ कृषिका संरचना तयार भएका छन्। उत्पादनको भण्डारणका लागि आवश्यक संरचनादेखि बाख्राका लागि डाले घाँसको व्यवस्थापन गर्ने सम्मका संरचना तयार भएका हुन्। गत आर्थिक वर्षमा परियोजनाले ६ वटा उपकरण र पशुको नश्लसुधारका लागि २७ वटा कार्यक्रम सञ्चालन गरेको छ । बागलुङको ढोरपाटन नगरपालिका-९ नवी गाउँमा आलुको भण्डारणका लागि भण्डार घर निर्माण भएको छ । नवी गाउँमा हरेक वर्ष आलुको उत्पादन राम्रो हुने तर किसानले भण्डारण गर्न नपाउँदा आलुको समय सकिँदा बजारमा आलु नपाउने समस्या थियो। किसानले नै पहिचान गरेको समस्याका आधारमा भण्डारण घर निर्माण गरिएको हो। ढोरपाटन नगरपालिकाकै दुवालामा अर्को सुविधासम्पन्न भण्डारण घर निर्माण गरिएको परियोजना कार्यान्वयन इकाई बागलुङका निमित्त वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले बताउनुभयो । आलु भण्डारण घर परियोजनाले गत आर्थिक वर्षमा तयार गरेका सबैभन्दा ठूला संरचना हुन् । बागलुङमा बाख्राको व्यावसायिक उत्पादनका लागि डाले घाँस वृद्धिको कार्यक्रमलाई पनि जोड दिइएको छ। पौडेलका अनुसार गत आर्थिक वर्षमा एकवटा सामुदायिक नर्सरी र एकवटा डालेघाँसको नर्सरी स्थापना गरिएको छ।

त्यस्तै यो अवधिमा चार वटा चापकटर, दाना बनाउने मेसिन एक वटा किसानलाई हस्तान्त्रण गरिएको छ। आलु जोन र बाख्रा जोन कार्यक्रम सञ्चालनमा रहेको बागलुङमा विभिन्न पकेट तथा ब्लकमार्फत परियोजनाले संरचना निर्माण तथा प्रविधि हस्तान्तरणमा सहयोग गरेको हो। सङ्घीय, प्रदेश र स्थानीय सरकारमार्फत स्रोत परिचालन हुने परियोजनाअर्न्तगत बागलुङमा ९ वटा ब्लक र ५७ वटा पकेट क्षेत्रमा कार्यक्रम सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो । "हामीले दुई जिल्ला बागलुङ र पर्वत हेर्नेगरी बागलुङमा कार्यालय राखेर परियोजना चलाईरहेका छौं" उहाँले भन्नुभयो,"बागलुङमा प्राथमिकतामा रहेको दुग्ध उत्पादन जोन कार्यक्रम कार्यान्वयन हुन बाँकी छ, आलु जोन पहिलेदेखि नै चलेको हो भने बाख्रा जोन कार्यक्रम पनि अघिल्लो आर्थिक वर्षबाट सञ्चालनमा आएको छ ।" पकटे कार्यक्रमका लागि स्थानीय तह, ब्लकका लागि प्रदेश र जोन विकासका लागि सङ्घीय सरकारमार्फत बजेट परिचालन हुने पौडेलले बताउनुभयो। आलु भण्डारण घर निर्माणको लागि परियोजनाले आठ लाख रुपैयाँ खर्चेको थियो।

त्यस्तै परियोजनाले बाख्रामा नश्ल सुधारका लागि उन्नत जातका बोका किसानलाई उपलव्ध गराएको थियो । विभिन्न समूहमार्फत २७ उन्नत जातका बोका वितरण गरिएको वरिष्ठ कृषि अधिकृत पौडेलले बताउनुभयो।

# एशिया कप क्रिकेटको खेल तालिका सार्वजनिक

**रासस**
काठमाडौं, ३ साउन

आगामी भदौ १३ देखि ३१ गतेसम्म हुने एसिसी एशिया कप क्रिकेट प्रतियोगितामा नेपालले आफ्नो उद्घाटन खेलमा पाकिस्तानको सामना गर्ने भएको छ।

एशियन क्रिकेट काउन्सिल (एसिसी) ले सार्वजनिक गरेको खेलतालिका अनुसार उद्घाटन खेलमा नेपालले घरेलु टोली पाकिस्तानको सामना गर्ने भएको हो । आगामी भदौ १३ गते हुने उद्घाटन खेल पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा हुनेछ। यस संस्करणको एशिया कप एकदिवसीय क्रिकेट प्रतियोगिता पाकिस्तान र श्रीलङ्कामा हुनेछ । प्रतियोगिताका १३ खेलमध्ये चार खेल पाकिस्तानमा हुनेछ भने बाँकी नौ खेल श्रीलङ्कामा हुनेछन् । एशिया कपमा नेपाल समूह ए मा परेको छ। नेपालको समूहमा भारत र पाकिस्तान छन्।

# अन्नपूर्ण पदमार्गमा साढे छ महिनामै भित्रिए २० हजार पर्यटक

**पोखरापत्र संवाददाता**
पर्वत, ३ साउन

विश्वमै पदयात्राका लागि ख्याति कमाएको राउन्ड अन्नपूर्ण क्षेत्रमा पछिल्लो साढे छ महिनामा झन्डै २० हजार पर्यटक भित्रिएका छन्।

कोरोना सङ्क्रमणले दुई वर्ष नराम्ररी थलिएको यो पदमार्गमा सन् २०२३ को जुलाई १८ (साउन २ गते) सम्म १९ हजार पाँच सय ६२ पर्यटक पदयात्राका लागि आएका हुन्।

सोमध्ये एक हजार चार सय २१ जना सार्क राष्ट्रका रहेका छन् भने अन्य पर्यटक जापान, चीन, युरोप, अमेरिका र कोरियका रहेका छन्। यो सङ्ख्या सन् २०२२ को तुलनामा झन्डै दोब्बर हो।

सन् २०२२ को पहिलो छ महिनामा झन्डै ११ हजार जनाले पदयात्रा गरेका थिए । सन् २०२२ को वर्षमा कूल २४ हजार पाँच सय ४२ जना पर्यटक भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप विरेठाँटी चेकपोष्ट इञ्चार्ज याम गुरुङले जानकारी दिनुभयो । गुरुङले अगस्टपछि सुरु हुने अर्को याममा पर्यटकको सङ्ख्या अझै बढ्ने अनुमान रहेको बताउनुभयो । यस वर्ष ४० हजारभन्दा बढी पर्यटक आउने अनुमान गरिएको छ।

पर्वत र कास्कीको सिमाना नयाँपुलदेखि सुरु हुने यो पदमार्ग विश्वकै १० उत्कृष्ट पदमार्गमा पर्दछ। कोभिड सङ्क्रमणपछि यस क्षेत्रमा अहिले पर्यटकको सङ्ख्या उल्लेख्यमात्रामा वृद्धि भएको गुरुङले बताउनुभयो । "सन् २०२० र २०२१ मा नगण्यमात्रामा पर्यटक आए पनि सन् २०२२ को सेप्टेम्बरदेखि पर्यटक आवागमनमा सुधार हुँदै आएको थियो", गुरुङले भन्नुभयो, "सन् २०२१ मा पर्यटकको सङ्ख्या ह्वात्तै बढेर आएको छ ।" उहाँका अनुसार अहिले भने 'अफसिजन' भएका कारण दैनिक १० देखि २० जनासम्म 'इन्ट्री' भइरहेका छन्।

असार महिनाअघिसम्म दैनिक दुई सयभन्दा बढी पर्यटक आउने गरेकामा बर्खा सुरु भएयता ह्वात्तै पर्यटक घटेर पदमार्ग सुनसान जस्तै बनेको उहाँले बताउनुभयो। यस पदमार्ग आसपासमा सयौं सङ्ख्यामा होटल व्यवसाय सञ्चालनमा रहेका छन् । विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, प्राकृतिक सुन्दरता हेर्न र कास्कीको नयाँपुलदेखि वीरेठाँटी हुँदै घान्द्रुक-घोरेपानी-मस्ताङ, मुक्तिनाथबाट थोराङ भञ्ज्याङ उक्लेर मनाङ हुँदै लमजुङ जान अन्नपूर्ण राउन्ड पदमार्गमा आउँछन्। मुस्ताङ र मनाङका विभिन्न हिमाल तथा चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन्।

वीरेठाँटीमा दर्ता भएर पदयात्रा सुरु गर्ने सबै पर्यटक थोराङ भञ्ज्याङ पास भने गर्दैनन् । मुस्ताङको मुक्तिनाथभन्दा माथि पुग्दा लेक लाग्ने, बिरामी पर्ने जस्ता समस्याले अधिकांश पर्यटक अन्नपूर्ण बेसक्याम्पबाटै फर्किने गरेका छन्। यो क्षेत्रमा पर्यटकले सातदेखि नौ दिनसम्म बिताउने गरेको गुरुङले बताउनुभयो।

अहिले भने बर्खा लागेकाले अफसिजन भएको र दृश्य पनि राम्रो नदेखिने तथा बर्खामा बाटो हिँड्न समस्या हुनेलगायत कारण पर्यटकको आगमन घटेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) वीरेठाँटीका इञ्चार्ज गुरुङले जानकारी दिनुभयो। यस क्षेत्रमा पर्यटकका लागि सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिना सबैभन्दा उत्तम मौसम मानिन्छ भने अन्य समयमा पनि विदेशी पर्यटकहरू आउने गर्दछन्।